नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प.सं. ०८३/८४, [illegible]
च.नं. ४१

मिति:- २०८३/०५/०१

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली, नेपाल।

**विषय: मानव अधिकार पुरस्कारको लागि सिफारिस आह्वान सम्बन्धी सूचनाको प्रचार प्रसार सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारको तर्फबाट मानव अधिकार दिवसको अवसरमा वि.सं. २०७८ देखि मानव अधिकार पुस्कार प्रदान गर्न शुरु गरिएको विदितै छ। यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारको लागि योग्य व्यक्ति तथा संस्थालाई सिफारिस गर्न इच्छुक व्यक्ति वा संस्थाको सिफारिस माग गरी यहि मिति २०८३/०४/३१ को गोरखापत्र र The Rising Nepal राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएको छ। उक्त सूचना बढी भन्दा बढी मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्था समक्ष पुगोस् भन्नको लागि सूचनाको प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको छ। त्यस कार्यालयबाट सूचनाको प्रचारप्रसारका लागि त्यहाँको official website मा समेत राखी आवश्यक सहयोग गरिदिनु निर्देशानुसार अनुरोध छ।

(सरिना रेग्मी)
शाखा अधिकृत

CamScanner

**नेपाल सरकार**

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## मानव अधिकार पुरस्कार सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति : २०८३।४।३१)**

मानव अधिकारको संरक्षण र सम्बर्धनमा उल्लेखनीय योगदान पुऱ्याउने एक जना व्यक्ति र एउटा संस्थालाई प्रत्येक वर्ष अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा नेपाल सरकारको तर्फबाट मानव अधिकार पुरस्कार प्रदान गरिने र त्यस्तो पुरस्कार छनोटका लागि सूची तयार गर्न पुरस्कारका लागि योग्य व्यक्ति तथा संस्थालाई कुनै व्यक्ति वा संस्थाले सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष प्रदान गरिने मानव अधिकार पुरस्कारका लागि योग्य व्यक्ति तथा संस्थालाई सिफारिस गर्न इच्छुक व्यक्ति वा संस्थाले मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ बमोजिम आवश्यक कागजात संलग्न गरी सोही कार्यविधिको अनुसूचीमा उल्लिखित ढाँचामा यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा वा यस मन्त्रालयको तल उल्लिखित इमेलमा सिफारिस गरी पठाई मानव अधिकार पुरस्कार छनोट प्रक्रियामा सहभागी हुन आह्वान गरिन्छ।

**इमेल : infolaw@moljpa.gov.np**

**पुनश्च:** मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ र मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८ यस मन्त्रालयको वेबसाइट (www.moljpa.gov.np) मा राखिएको छ।

**मानव अधिकार पुरस्कार समितिको सचिवालय,**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,**
**सिंहदरबार, काठमाडौं।**

CamScanner